# कोष अभिवृद्धि कार्यशाला
# प्रतिवेदन

Report of Fundraising Workshop

२४ मे, २०१७। ९ जेठ, २०७४



## आयोजक
## सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

# कोष अभिवृद्धि कार्यशाला
# प्रतिवेदन

Report of Fundraising Workshop

२४ मे, २०१७। ९ जेठ, २०७४

**पृष्ठभूमि**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र वर्ल्ड जेविस रिलिफको सहकार्यमा २४ मार्च, २०१७ मा एक दिने कोष अभिबृद्धि कार्याशाला (Fundraising Workshop) भयो । भूमिघर धापासी काठमाडौंमा आयोजना भएको कार्याशालामा फ्रेण्डस् सर्भिस काउन्सिल, नेपाल (FSCN), सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC) र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल (NLRF) बाट ३१ जनाको सहभागिता रह्यो । कार्यक्रमको सुरुवातमा वर्ल्ड जेविस रिलिफका जीविकोपार्जन कार्यक्रम व्यवस्थापक ताकेश इकेदाले कार्यशालाको उद्देश्य बताउनुभएको थियो ।

कोष अभिवृद्धि कार्याशाला मुख्यगरी संस्थामा कार्यरत टिमलाई कोष अभिबृद्धिको अवधारणाबारे जानकारी गराउने, यसबारेमा ज्ञान र सिप बढाउने र जानकारी लिने-दिने उद्देश्यले आयोजना गरिएको थियो । एक दिने कार्याशालमा सहभागी भई टेवाका अध्यक्ष डा.निर्मला केसी, युथ भिजन नेपालका सञ्चार तथा स्रोत परिचालन कार्यकारी अधिकृत रेवतीरमण ढकाल, विहानीकी सन्तोषी राना र उहाँको टिमले सहजीकरण गर्नुभयो ।साथै यही क्रममा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले कोष सङ्कलनमा गरिरहेको अभ्यासवारे मञ्चका अध्यक्ष ल्यामबहादुर दर्जीले सुनाउनु भयो ।

**उद्देश्य**

१. कोष अभिवृद्धिको तथा सङ्कलनको अवधारणा र यसका रणनीतिका विषयमा ज्ञान हासिल गर्ने ।

२. कोष सङ्कलन तथा अभिवृद्धिबारेको व्यवहारिक ज्ञान र सिपबारेको अनुभवहरू सुन्ने र सिक्ने ।

यस कोष अभिवृद्धि कार्यशालामा छलफल भएका विषयवस्तुहरू र सहजकर्ताहरूले गर्नुभएको सहजीकरणको आधारमा निम्नअनुसार विषयहरू नोट गरिएको छ ।

*कोष अभिवृद्धि तथा सङ्कलन पैसा वा अन्य जिन्सी सामानहरूको स्वेच्छिक योगदानको सङ्कलन हो । जुन व्यक्तिहरू, संस्थाहरू, सरकारी वा निजी क्षेत्रबाट दान वा सहयोग स्वरुप उपलब्ध हुन्छ र यो परोपकारी कामको लागि उपयोगमा ल्याइन्छ । यस्तो कोष सङ्कलन विशेषगरी गैरनाफामुलक कार्य गर्ने प्रयोजनाको लागि गरिन्छ । -विकीपीडिया*

**क. डा. निर्मला केसी, अध्यक्ष टेवा**

टेवा एक सामाजिक संस्था हो । यसले २० वर्षदेखि सामाजिक क्षेत्रमा योगदान गरिरहेको छ । टेवाले आफ्नै स्रोतहरू सङ्कलन गरी सामाजिक सेवाको कार्यहरू गरिरहेको छ । संस्थाले गर्ने हरेक कार्यक्रमहरू महिलासँग सम्बन्धित हुने भएकाले यसले महिला कोष अभिवृद्धिको कामहरू गर्दै अघि बढीरहेको छ । टेवाको ७२

जिल्लामा कार्यक्रम छ र ६ सयभन्दा बढी महिला सम्बन्धी संस्थाहरूलाई टेवाले वार्षिक ५० हजारदेखि ३ लाख रुपियाँसम्म सहयोग पनि गर्दै आइरहेको छ । यसरी गरिने सहयोग भने नेपालभित्रै गरिएको अर्थ सङ्कलनबाट जुटाईन्छ ।

टेवाले मुख्यगरी १. स्थानीयस्तरमा अर्थ सङ्कलन, २. अनुदान, ३. स्वयम्सेवी र ४. बालबालिकासँग सम्बन्धित क्षेत्रका काम गर्दै अघि बढेको छ । टेवाले वार्षिक ४ करोडभन्दा बढीको कारोबार गर्छ । स्थानीयस्तरमा सङ्कलन हुने रकम भएकाले खर्च गर्दा पारदर्शिता, आफ्नोपन र पारिवारिक खर्चको हिसावले गर्ने गरिएको छ । हाल २० रोपनीभन्दा बढी जमिनमा टेवा कम्प्लेक्स निर्माण गरी तालिम हल, गेष्ट हाउस, टेवा सेण्टर सञ्चालन गरिरहेको छ । यसबाट पनि वार्षिक ठूलो अर्थ सङ्कलन भइरहेको छ, जसले कोष अभिवृद्धिमा ठूलो सहयोग पुगिरहेको छ । ६ सय जना स्वयम्सेवक परिचालन छ । एउटा छुट्टै कोष अभिवृद्दि समूह (Fundraising Team) पनि छ ।

**टेवाले कोष अभिवृद्धि तथा सङ्कलनको लागि गरिरहेको अभ्यास :**

१. नेपालभित्र मात्रै रकम सङ्कलन (दिने संस्कृति नेपालको राम्रो र फराकिलो छ ।)

२. टेवा सेण्टर सञ्चालन (तालिम हल, गेष्ट हाउस, सेमिनार सञ्चालन आदि)

३. परामर्श सेवाबाट आम्दानी (तालिम सहजीकरण, अनुभव आदान-प्रदानबाट)

४. अर्गानिक फार्म सञ्चालन छ, यसबाट उत्पादन हुने वस्तुको बिक्रीबाट

५. देउसी भैली र सांस्कृतिक कार्यक्रममार्फत

६. पैदल यात्राबाट (प्रत्येक सहभागीहरूले टेवाले आयोजना गर्ने हिड्ने कार्यक्रममा सहभागी हुँदा प्रति किमी ५०० रुपियाँ दिने चलन छ, प्रत्येक वर्ष यस्तो कार्यक्रम गरिन्छ र ७ किमी हिड्ने गरिएको छ । यस्तो कार्यक्रमहरूमा सेलिब्रेटी (राष्ट्रियस्तरका कलाकार) सहभागी गराई आकर्षण गराइन्छ ।

७. व्यक्तिगत चन्दाबाट

८. संस्थागत सहयोग तथा चन्दाबाट

९. विशेष कार्यक्रममार्फत अर्थ सङ्कलनबाट

१०. टेवा थैली/खुत्रुके बचतबाट । (प्रत्येक घरघरमा खुत्रुके तथा थैली राखीदिने र हरेक दिन रकम सङ्कलन गर्न लगाउने ।

११. बृक्षारोपणबाट । (हरेक वर्ष वृक्षरोपण कार्यक्रम गर्ने, यस्तो कार्यक्रममा हरेक व्यक्ति वा परिवारको नाममा वृक्षारोपण गर्नको रकम सङ्कलन गर्ने र सरकारी निकायहरूसँग समन्वय गरी निःशुल्क विरुवा ल्याई वृक्षारोपण गरिदिने र सङ्कलन भएको रकम कोषमा जम्मा गर्ने )

१२. बेलाबेला अर्थ सङ्कलन अभियान गरिन्छ । सहर, बजारमा रकम सङकलन गरिन्छ ।

१३. नेवारी धिमे बाजा बनाउने र त्यस्तो बेला सहभागी हुनेहरूसँग रकम सङ्कलन गरिन्छ ।

१४. शान्ति दिप प्रज्वलनमार्फत । आफन्त गुमाएका वा शान्तिको कामना गर्ने परिवारहरूसँग रकम सङ्कलन गर्ने र त्यसबाट मैन वा प्याला खरिद गरी दिप प्रज्वलन गर्ने र यसमार्फत केही बढी रकम सङ्कलन गरी टेवा कोषमा जम्मा गर्ने अभ्यास पनि नियमित भइरहेको छ ।

१५. चिठ्ठा कार्यक्रममार्फत पनि अर्थ सङ्कलन गरिन्छ । चाडपर्व वा विशेष दिनहरूमा चिठ्ठा कार्यक्रमहरू आयोजना गरी रकम सङ्कलन गरिने गरिएको छ ।

१६. मासीक रकम सङ्कलन । प्रत्येक सदस्य, कर्मचारी र आफन्तबाट टेवा फण्डको लागि महिनावारी कोषहरू पनि सङ्कलन गर्ने गरिएको छ ।

१७. पुराना सामानको बिक्रीबाट । पुराना सामानहरूको सङ्कलन गरी बिक्री गरेर पनि कोष अभिवृद्धि गरिने अभ्यास निरन्तर छ । यस्तो अभ्यास दैनिक गरिन्छ । निश्चित स्थान तोकिएको छ वर्षमा २ पटक यस्तो काम पनि गरिन्छ ।

१८. दिवा तथा रात्री भोजको कार्यक्रमहरू राख्ने र यसमा सहभागी हुनेहरूबाट पनि केही बढी रकम सङ्कलन गरी कोषमा जम्मा गरिन्छ ।

१९. घरेलु भोज कार्यक्रमबाट पनि रकम सङ्कलन गरिन्छ । (कर्मचारी तथा टेवाका सदस्यहरूले आ-आफ्नो घरमा बेलाबेलामा भोज कार्यक्रम राख्ने र केही रकम सङ्कलन गरी टेवा फेण्डमा जम्मा गर्ने गरिएको छ ।

२०. टिसर्ट, टोपी, सिडीहरू बिक्री गरी त्यसबाट भएको आम्दानी कोषमा जम्मा गर्ने गरिएको छ ।

२१. डकुमेन्ट्रि र फिल्म देखाउने र त्यसबाट आम्दानी भएको रकम कोषमा जम्मा गर्ने गरिएको छ ।

**ख. रेवती रमण ढकाल, युथ भिजन नेपालका सञ्चार तथा स्रोत परिचालन कार्यकारी अधिकृत**
(कोष अभिवृद्धि विशेषज्ञ एवम् परामर्शकर्ता)

उहाँलेकोष अभिवृद्धिको सैद्धान्तिक पक्षबारे सुनाउनुभयो । उहाँले मुख्यगरी सहभागीहरूबीच अपेक्षा सङ्कलन गरी त्यसैको आधारमा सहजीकरण गर्नुभएको थियो । सहभागीहरूबाट Fundraising का उपायहरु के छन् ? Call for proposal नभएको वा नगरिएको अवस्थामा कसरी स्रोत लिन सकिन्छ ?, यसको फ्रेमवर्क कस्तो हुन्छ? प्रस्तावना नलेखीस्रोत लिनेसम्भावनाहरू छ वा छैन ? आदि विषयमा अपेक्षाहरू सहभागीहरूले राखेका थिए ।

१. कोष अभिवृद्धि संस्थाको मिसनसँग जोडिएको हुन्छ । मिसन नभएकालाई कोष सङ्कलन गर्नको लागि मान्छेहरूले पत्याउदैनन् । त्यसैले कोष सङ्कलन गर्दा आफ्नो उद्देश्य लक्ष्यमा स्पष्ट पार्नुपर्छ ।

२. हामी जहाँ छौं, त्यही स्रोत आउने हो । तर अभ्यास के छ भने जहाँ स्रोत छ त्यतातिर मात्र कुदीरहेका छौं । त्यसो हुँदा मिसन केन्द्रित हुन गाह्रो हुन्छ ।

३. हामीले मुख्य कुरा कुन कुन संस्था वा सहयोगीहरू स्रोत हुन् वा सहयोग गर्नको लागि सकारात्मक हुन सक्छन् भन्ने डाटाबेस बनाइ राख्नुपर्छ ।

४. संस्थाहरूले वा अभियान गर्ने सङ्गठनहरूले रणनीतिक योजना बनाउनुपर्छ । रणनीतिअनुसार काम गर्नको लागि स्रोत खोज्नुपर्छ ।

५. मुख्यगरी तीन स्रोतहरू : क. उपहारबाट, ख. अनुदानबाट र ग. आयवृद्धिबाट स्रोतहरू (रकम) सङ्कलन गर्न सकिन्छ ।

६. प्रस्तावना लेखेर स्रोतहरू ल्याउन सकिन्छ ।

७. स्रोतहरू औपचारिक (Solicited) र अनौपचारिक (Unsolicited) रूपमा प्राप्त गर्न सकिन्छ ।

८. संस्थाहरू पुल (Bridge) हुन् । कसैसँग (दाताबाट) रकम ल्याएर कसैलाई (समुदाय वा लक्षित वर्गलाई) दिने । यसकारण 4R लाई ध्यान दिनुपर्छ । 1R: Right Person ले, 2R: Right Person लाई, 3R: Right time मा, 4R: Right Things/Issue को लागि । यसो हुन सक्यो भने स्रोतहरू सजिलै जुटाउन सकिन्छ ।

९. स्रोतहरू सङ्कलन गर्दा वा ASK (माग) गर्दा इमान्दारिता र जवाफदेहीतामा ध्यान दिनुपर्छ र यो हुनुपर्छ । भन्न हिच्काउनु हुदैंन ।

१०. संस्थाहरूसँग UPS (Unique selling/Sharing Points) अनिवार्य हुनुपर्छ । यसले संस्थाको र स्रोत ASK (माग) गर्नेको विश्वसनियता बढाउँछ । संस्थाको प्रोफाइल, ब्रोसर, वेभसाइट, सामाजिक सञ्जाल साइटहरूमा यो कुरा राखिएको हुनुपर्छ ।

११. Data base : 3C (Capacity, Concern and Connection)

१२. स्रोतहरू सङ्कलन गर्नको लागि निम्नअनुसारको सामाजिक सञ्जालहरू उपयोगमा ल्याउन सकिन्छ ।

- www.philanthorapytoday.org
- www.reliefweb.org
- www.foundationcentre.org
- www.charitynavigator.org
- www.devex.org

**१३. Crowd Funding Site**

- www.givengain.com
- www.globlegiving.com
- www.justgiving.ocm
- www.givingtuesday.com
- www.gofundme.com
- www.indigogo.com

**ग. ल्यामबहादुर दर्जी, अध्यक्ष राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल**

भूमि अधिकार मञ्चको अभियान सञ्चालन गर्न

आन्दोलन कोष भनेर गाउँ तहको सङ्गठनदेखि केन्द्रीय तहसम्म उठाउने गरेका छौं । भूमि अधिकार मञ्चले हाल स्रोत सङ्कलनमा गरिरहेको अभ्यासहरू यस प्रकार छन् ।

१. आन्दोलन कोष । (सङ्गठनका प्रत्येक सदस्यहरूबाट नगदी तथा जिन्सी सङ्कलन ।

२. सहयोगी संस्थाहरूबाट प्राप्त नगद कोष तथा कार्यक्रम बजेट ।

३. मुठिठ् सङ्कलन ।

४. श्रमशिविरमार्फत सङ्कलन कोष ।

५. भूमिघर तथा मञ्चको कार्यालयमा राखिएको कोष बाकसमार्फत उठ्ने रकम ।

६. सामूहिक खेती, कृषि उद्यमबाट सङ्कलन हुने रकम तथा कोष ।

७. प्रस्तावनाहरू लेखी ल्याइने स्रोतहरू ।

८. खुत्रुके बचत ।

९. भूमिघर सञ्चालनबाट आम्दानी रकम । (चितवनको ठिमूरा र केही जिल्ला मञ्चहरूमा भएको भूमिघरमा सञ्चालन गरिएको तालिम सेण्टर र बसाई तथा मेस सञ्चालनबाट प्राप्त रकम)

१०. सदस्यता शुल्क, नवीकरण शुल्क आदि ।

**घ. सन्तोषी राना, संस्थापक, विहानी**

Started in August 2013, Bihani Social Venture was born out of the need to create a positive outlook to life and living meaningfully. Our focus is on individuals above fifty years of age (but not restricted to it) who want to re- engage, re – explore and re – live a new beginning or create a rewarding second half of their lives based on their past experiences. Bihani aims to ensure that the potential, aspiration and experience of our elders do not go a waste. It also provides an opportunity for the children and others to make their parents or elders experience a social and rewarding life where they can continue contributing and living without any barriers.

* **Social Activities** with the objective of getting like-minded or maybe not so like-minded people together through interactions, book reading, movie screening, musical events, internet classes at home or in the office or classes or sessions as per the need or interests of the members/ attendees.
* **Health & Wellbeing Services** include events/ services related to health such as monitoring blood pressure, physiotherapy, reproductive health, benefits of Massage, Psycho Social

Support,Tai Chi/ Qigong, Art Workshops etc. Classes/ services are provided at home or in the Office or through events as per the need or interests of the members/ attendees
* **Organisational Services** include income generation, networking and volunteering activities. Promotion of local producers to generate income by creating markets for them, individual support to local entrepreneurs/ members for the development of their ventures, skill development, creation of a platform for networking, promotion and marketing for entrepreneurs/ producers or providing volunteering opportunities
* **Resource Centre** – is a space where elders can visit or call their own .Where they can relax, read a book, interact, surf the net, watch a movie or even showcase their skills and talents like starting a cooking or music class and so on
* **Membership Subscriptions** allow the Members to benefit by getting discounts at Bihani events or for the services they sign up or at a wide range of businesses. Members have access to the support system and network of Bihani. We also fulfill the wishes of our members through our 'Make a Wish Project' along with free trial classes based on their interests/ need and celebrating their birthdays by delivering cake or gift to make them feel special.

The home based services we have is not just for teaching but also to provide companionship because many of our elders are lonely esp. during the day when everyone is busy with work.

Ways of income generation of Bihani :

- Charges for the services we provide
- Membership Fees
- Consultancy/ Service Fees while working with organisations/ partners

For Impact Bihani focus on Project Wrinkles & Smiles through which:

- Support old age homes through activities
- Benefits to our members
- Creation of services and events focussed on addressing the issues of ageing
- Development of Projects such as 'Saathi ka Saathi', Community Mobilisers and Resource Pool Creation

जेष्ठ नागरिक प्रति सर्मपीत विहानी सन् २०१३ देखि सुरु भएको हो । जेष्ठ नागरिक पनि समाजका एक सम्मानित र अनुभवी व्यक्तित्व भएकाले उनीहरूमा ज्ञान र सिप बढाउने उद्देश्यले विभिन्न कार्यक्रमहरू विहानीले सञ्चालन गरिरहेको छ । यसरी काम गर्न विहानीले सामाजिक उद्यमको माध्यमबाट स्रोत जुटाउने गरेको छ। मानीसहरुको जिवनमा सकरात्मक सोच बढाउन र हरेकको जिवनलाई सार्थक तुल्याउन योगदान गर्ने उद्देश्यले यसको स्थापना गरिएको हो । विहानीको हालका प्रयासहरु ५० वर्ष उमेर माथीकामा केन्द्रित छ । (तर यसमा लचिलोपना पनि छ) जो पुन आफ्नो जिवनमा नयाँ ढंगले संलग्न हुन चाहन्छन् । सम्भावनाहरु पहिल्याउन सक्छन् । विगतका अनुभवका आधारमा नयाँ तरिकाले जिउन चाहन्छन् ।

विहानी पाका मानीसहरुको अनुभव, सिप, सम्भावना र केही गरौं भन्ने सोचलाई उपयोग गरेर समुदायमा नयाँ आशा उमार्न प्रयास गरिरहेको छ । ति अमुल्य निधीहरु खेर जानबाट जोगाउन सचेत प्रयास गरिरहेको छ ।

विहानीले तिनका सन्ततीहरुलाई पनि यसको मुल्य बोध गराउँदै उनिहरुको जिवनमा कुनै असहजता नहोस् भन्ने चाहन्छ ।

विहानीले मुलत विभिन्न सामाजिक क्रियाकलापहरु गर्दै आईरहेको छ । स्वास्थ र समृद्दि बढाउने कार्यमा पनि प्रयास भईरहेको छ । संस्थागत गतिविधीहरुमा मद्दत गर्ने, स्रोत केन्द्रको विकास र सदस्यहरुलाई विभिन्न सेवामा जुट पाउने परिस्थितीको लागि पहल गर्दछ । (विस्तृत माथिको अंग्रेजी हेर्नुहोस्)

१. विहानीले जेष्ठ नागरिकहरूलाई घरबाट बाहिर आउनको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्छ । उनीहरूलाई खाना बनाएर एकै ठाउँमा ल्याएर एकै ठाउँमा ल्याएर खाने, गफगाफ गर्ने, अनुभव सुन्ने र उनीहरूलाई खुसी बनाउने काम गर्छ ।

२. जेष्ठ नागरिकलाई सामाजिक सञ्जालमा जोडिनको लागि सहयोग गर्ने । फेसबुक, भाइबर, स्काइपीमा कुरा गर्न सिकाउने पनि गरिएको छ । यसले उनीहरूलाई खुसी दिने रहेछ । र उनीहरूको इच्छा सोधेर इच्छा पुरा गरिदिने गरिएको छ ।

**विहानीको कोष अभिवृद्धि तथा सहयोग सङ्कलन अभ्यास**

१. सेवा शुल्क
२. सदस्य शुल्क
३. विभिन्न संस्था र साझेदारहरुलाई दिएको सेवा वा सहजीकरण वापतको परामर्श शुल्क

**

कोष सङ्कलन गर्नको लागि विभिन्न संस्था तथा सङ्गठनहरूले आआफ्नो फरक फरक अभ्यासहरू अपनाउँदै अघि बढीरहेका छन् । अभियान गर्ने, समुदायमा काम गर्ने संस्थाहरूले निरन्तरताको लागि नियमित कोषहरू पनि सङ्कलन गर्दै अघि बढ्नुपर्ने आवश्यकता पनि छ । यसको लागि विभिन्न विधिहरूको प्रयोग गर्न सकिन्छ। कोष अभिवृद्धिको लागि निम्नकुरामा विशेष ध्यान दिनुपर्ने देखियो ।

- प्रस्तावनाहरू लेखन गर्ने । सहयोगी संस्थाहरूमा पेश गर्ने ।
- विभिन्न अनलाइनहरूमार्फत स्रोत सङ्कलन गर्ने ।
- संस्थाहरूमा Fundraising team बनाउने ।
- सहयोगी संस्था, निजी क्षेत्र र व्यक्तिहरूको छुट्टै डाटा बेस बनाइ राख्ने ।
- Crowed funding site मार्फत स्रोत सङ्कलनहरू गर्न सकिन्छ ।
- स्रोत (कोष) सङ्कलन गर्नको लागि व्यक्तिगत सम्बन्धहरू पनि महत्वपूर्ण हुन्छन्, त्यसैले सम्बन्ध विस्तारको लागि विशेष ध्यान दिने । भएको सम्बन्धहरूलाई नवीकरण गर्ने, सम्पर्कमा रही रहने ।
- सरकारको स्रोतहरूमा पनि पहुँच बढाउने । सहकार्य गर्ने, सम्बन्धहरू बढाउने ।
- संस्थागतरुपमा आन्तरिक स्रोतहरूको उपयोगबाट पनि कोषहरू बढाउन सकिन्छ । कार्यरत कर्मचारीहरूको परिचालन, संस्थामा भएको सामग्रीहरूको उपयोग गर्न दिएर पनि स्रोतहरू बढाउन सकिन्छ ।
- विभिन्न सामाजिक सञ्जालहरूको उपयोगबाट पनि स्रोतहरू सङ्कलन गर्न सकिन्छ ।
- दातृ निकायको मानिसहरूसँग सम्बन्ध बढाएर पनि स्रोतहरूमा पहुँच बढाउन सकिन्छ ।

- विभिन्न प्रकाशनरु (टिसर्ट, क्याप, पुस्तकहरू, डकुमेन्ट्रि सिडीहरू) को बिक्री वितरण गर्ने ।

कोष सङ्कलन नियमित काम हो । सामाजिक अभियानलाई सहयोग गरिरहेको संस्था र संगठनले बाहिरी स्रोतमा मात्र भरपर्दा परनिर्भरता मात्र बढ्ने हैन । यसको मिसनमा नै धमिलो पना आउँदै जाने खतरा हुन्छ । बाहिरी पैसाले विस्तारी दातृमुखी बढाउने, बैठक, तालिम, गोष्ठीमा बढि समय दिनुपर्ने र मुल काममा समय दिन नपाउने स्थिती आउँछ । यसो हुँदा आन्तरिक स्रोतलाई बढाउने, मुल्यमा आधारित अभियान गर्ने कार्यमा केन्द्रित हुन आवस्यक छ । कोष अभिवृद्दिको साथै मितव्ययी बजेट उपयोग पनि उत्तिकै विचार गर्नुपर्ने विषय हो ।

**अनुसूची- १**

| क्र.सं. | नाम | संस्था | पद |
|---|---|---|---|
| १ | सरस्वती सुब्बा | राष्ट्रिय भूमि अधिकार मञ्च | महासचिव |
| २ | ल्यामबहादुर दर्जी | राष्ट्रिय भूमि अधिकार मञ्च | अध्यक्ष |
| ३ | सुष्मा न्यौपाने | आत्मनिर्भर केन्द्र | कार्यक्रम अधिकृत |
| ४ | विश्वास नेपाली | आत्मनिर्भर केन्द्र | कार्यक्रम संयोजक |
| ५ | गीता पण्डित | आत्मनिर्भर केन्द्र | प्रशासन तथा वित्त संयोजक |
| ६ | निर्मला केसी | टेवा | अध्यक्ष |
| ७ | सुर्यबहादुर थापा | एफएससिएन | अध्यक्ष |
| ८ | रमिता श्रेष्ठ | आत्मनिर्भर केन्द्र | वित्त अधिकृत |
| ९ | प्रज्ञा गुरुङ | एफएससिएन | कार्यक्रम अधिकृत |
| १० | नारायण भट्टराई | एफएससिएन | लाइभलिहुड अधिकृत |
| ११ | सन्तोष पाण्डे | एफएससिएन | ईआरएलआर कार्यक्रम अधिकृत |
| १२ | प्राप्ती अधिकारी | आत्मनिर्भर केन्द्र | पिएमई संयोजक |
| १३ | सृष्टि श्रेष्ठ | आत्मनिर्भर केन्द्र | वित्त तथा आईटी एशोसियट |
| १४ | माया शाही | आत्मनिर्भर केन्द्र | प्रशासन तथा वित्त अधिकृत |
| १५ | कल्पना कार्की | आत्मनिर्भर केन्द्र | अभियान व्यवस्थापक |
| १६ | अनिता खरेल | आत्मनिर्भर केन्द्र | प्रशासन तथा वित्त व्यवस्थापक |
| १७ | उदिप्त राजभण्डारी | एफएससिएन | डिआरआर कार्यक्रम अधिकृत |
| १८ | गोपाल थापा | आत्मनिर्भर केन्द्र | सचिव |
| १९ | ताकेशी ईकेदा | डब्लु जे आर | कार्यक्रम व्यवस्थापक |
| २० | विनय प्रसाद आचार्य | एफएससिएन | एमई अधिकृत |
| २१ | शक्ति गुरुङ | आत्मनिर्भर केन्द्र | कार्यक्रम संयोजक |
| २२ | सुमित्रा थारु | आत्मनिर्भर केन्द्र | वित्त अधिकृत |
| २३ | सरिता लुईटेल | आत्मनिर्भर केन्द्र | लजिष्टीक अधिकृत |
| २४ | हंसराज जोसी | केयर | संस्थागत विकास र सुशासन विज्ञ |
| २५ | सोमप्रसाद भण्डारी | राष्ट्रिय भूमि अधिकार मञ्च | सल्लाहकार |
| २६ | सुमन राई | विहानी | सामाजिक एक्टीभिटिज संयोजक |
| २७ | सुष्प्रीती तामाङ | विहानी | स्वास्थ्य तथा पुर्नस्थापना संयोजक |

| | | | |
|---|---|---|---|
| २८ | सुष्मीता उपाध्याय | विहानी | संगठनात्मक सेवा संयोजक |
| २९ | जगत देउजा | आत्मनिर्भर केन्द्र | कार्यकारी निर्देशक |
| ३० | सन्तोषी राना | विहानी | संस्थापक |
| ३१ | रेवती रमण ढकाल | युथ भिजन | कार्यकारी कोष स्थापना तथा संचार अधिकृत |